# लुम्बिनी सरकारद्वारा दोस्रो आवधिक योजना स्वीकृत

**विवेक खड्का / हिटा**
दाङ, १४ चैत



लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषद्को बैठक बिहीबार सम्पन्न भएको छ । बैठकले प्रदेशको दोस्रो आवधिक योजना स्वीकृत गर्ने निर्णय गरेको छ । यस योजनाले प्रदेशको विकासको मार्गचित्र तय गर्ने अपेक्षा गरिएको छ । मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा सम्पन्न बैठकले प्रदेशको दोस्रो आवधिक योजना स्वीकृत गर्ने निर्णय गरेको सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थीले जानकारी दिनुभयो ।

यस्तै, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको प्रस्ताव अनुसार २०८२ सालका लागि सार्वजनिक बिदा स्वीकृत गरिएको छ । नेपाल सरकारले बर्षभरी दिने सार्वजनिक विदाका अतिरिक्त प्रदेशका सरकारी कार्यालयहरूमा बढीमा ६ दिन अतिरिक्त सार्वजनिक बिदा दिन सकिने व्यवस्था छ । जसअन्तर्गत लुम्बिनी प्रदेशले पाँच दिन सार्वजनिक विदा दिने प्रस्ताव स्वीकृत गरेको हो ।

सामाजिक विकास मन्त्रालयले अघि सारेको दलित अधिकार सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्राप्त गरेको छ । बैठकले लुम्बिनी प्रदेश मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना स्वीकृत गर्ने निर्णय गरेको गरेको छ ।

### आवधिक योजनामा के छ ?

प्रदेश सरकारले स्वीकृत गरेको दोस्रो आवधिक योजनाले प्रदेशको भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक, तथा वातावरणीय विशेषतालाई ध्यानमा राखी विकासको स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ । आवश्यक वित्तीय स्रोत परिचालनका लागि १४ खर्ब ९९ अर्ब को अनुमानित लगानीको क्षेत्र पहिचान गरिएको छ । योजनाको अन्त्यमा कुल गार्हस्थ्य उत्पादन ११ खर्ब ४९ अर्ब पुग्ने, कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (औसत) अनुमान ७ दशमलव ६ प्रतिशत पुग्ने गरिएको छ । योजनाले समृद्ध लुम्बिनी निर्माणका लागि विभिन्न रणनीति अघि सारेको छ । कृषि आधुनिकीकरणमार्फत उत्पादन वृद्धि गर्ने, पर्यटन प्रवर्द्धन गरी रोजगारी सिर्जना गर्ने, औद्योगीकरण मार्फत आर्थिक गतिशीलता बढाउने, गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षा प्रवर्द्धन गर्ने, व्यवसायिक सीप अभिवृद्धि गर्ने, पूर्वाधार विकासमा लगानी वृद्धि गर्ने लगायतका रणनीतिक योजना छन् । आवधिक योजनाको दीर्घकालीन सोच समृद्ध लुम्बिनी, खुसी नागरिक रहेको छ । दोस्रो आवधिक योजना सामाजिक न्यायसहितको दिगो आर्थिक विकास, सुशासन, र पूर्वाधार प्रवर्द्धनमा केन्द्रित रहेको प्रदेश योजना आयोगका उपाध्यक्ष डा.डिल्लीराज अर्यालले जानकारी दिनुभयो । यस योजनाले लुम्बिनी प्रदेशको दिगो आर्थिक वृद्धि, समावेशी विकास, सामाजिक न्याय, तथा रोजगारी सिर्जना मा टेवा पुग्ने विश्वास गरिएको छ ।

### मानसिक स्वास्थ्य रणनीतिक योजना किन ?

लुम्बिनी प्रदेश सरकारले पछिल्लो समय तीव्र रुपमा वृद्धि भइरहेको मानसिक स्वास्थ्य समस्यालाई न्यूनीकरण गर्न मानसिक स्वास्थ्य रणनीतिक योजना स्वीकृत गरेको हो । यो योजना मानसिक स्वास्थ्य सेवा विस्तार, रोकथाम, उपचार र पुनर्स्थापनाका लागि मार्गदर्शन गर्ने उद्देश्यले तयार गरिएको छ । लुम्बिनी प्रदेशमा १३ देखि १७ वर्ष उमेर समूहका ६.१ प्रतिशत किशोरकिशोरीहरू मानसिक स्वास्थ्य समस्याबाट ग्रस्त छन् । त्यस्तै, १८ वर्षमाथिका १३ प्रतिशत व्यक्तिले जीवनमा एक पटक मानसिक स्वास्थ्य समस्या भोग्ने सम्भावना रहेको अध्ययनहरूले देखाएका छन् ।

मानसिक स्वास्थ्य सेवाको पहुँच विस्तार गर्दै स्वास्थ्य केन्द्रहरूमा आवश्यक सेवा प्रवाह गर्ने, मनोसामाजिक परामर्शको प्रभावकारी कार्यान्वयन गर्न विद्यालय, समुदाय र कार्यस्थलमा कार्यक्रम सञ्चालन गर्ने, मानसिक रोगको रोकथाम र सचेतना कार्यक्रम अघि बढाउन मानसिक स्वास्थ्यलाई अन्य सामान्य स्वास्थ्य सेवासँग जोड्ने, आत्महत्या रोकथामका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने, जसले जोखिममा परेका समूहहरूको पहिचान र सहयोग गर्नेछ । लागू औषध नियन्त्रण र पुनर्स्थापना केन्द्रहरूको सुदृढीकरण गरिने रणनीतिक योजनामा समेटिएको छ ।

# अपांगता भएका व्यक्तिले कार्यक्षमताद्वारा अपांगतालाई परास्त गरौं: अध्यक्ष थपामगर



**काठमाडौं ।** आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापामगरले अपांगता भएका व्यक्तिहरूले आफ्नो कार्यक्षमताले अपांगतालाई परास्त गरेर सक्षम बन्नुपर्ने बताउनुभएको छ । बिहीबारदेखि काठमाडौंमा सुरु भएको दोस्रो आदिवासी तथा अपांगता भएका महिला तथा किशोरीहरूको एसिया प्रशान्त क्षेत्र सम्मेलन २०२५ लाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो ।

उहाँले अपांगता भएका आदिवासी जनजातिले विश्वमै उत्पीडन खेप्नुपरेको बताउनुभयो । उहाँले अपांगता भएका व्यक्तिहरूको उत्पीडनको अन्त्यका लागि भाषा र संस्कृति मिल्ने प्यासिफिक एसिया क्षेत्रमा बस्ने आदिवासी जनजातिहरूको संगठन बलियो बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले जुनसुकै क्षेत्रमा अपांगता भएका व्यक्तिहरूको कुरा गर्दा पनि आदिवासी जनजाति महिलाहरू गम्भीर हुनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'विश्वको सबैभन्दा बढी जनसंख्या एसिया प्यासिफिकमै रहेको छ । त्यसकारणले हामी विश्वभरिका त हो नै त्यसमा पनि हाम्रो भाषा, संस्कृति धेरै मिल्ने र नजिक भएका प्यासिफिक एसियामा बस्ने आदिवासी जनजातिहरूको बलियो संगठन आवश्यक छ । त्यसको सुरुवात तपाईंहरूले गरिसक्नुभएको छ । आउने दिनमा यो संगठन अझै बलियो हुँदै जाओस् भन्ने आशा गर्दछु ।

यो अपांगताको कुरा गर्दाखेरी अपांगता भएका आदिवासी जनजाति महिला यसमा गम्भीर हुनुपर्ने कुरा के जस्तो लाग्छ भने हाम्रो नेपालमा त छँदैछ विश्वमा पनि होला सायद । अपांगता भएका आदिवासी जनजाति महिलाहरूले उत्पीडन खेप्नु परिरहेको छ । एउटा आदिवासी जनजाति भएका कारणले, दोस्रो महिला भएको कारणले र तेस्रो अपांग भएको कारणले । त्यसकारणले यी तीनैवटा उत्पीडनलाई, डिस्क्रिमिनेसनलाई यहाँहरूको उत्साह र यहाँहरूको कार्यक्षमताले परास्त गरेर डिसएबल नभई एबल बन्नुहुनेछ भन्ने आशा राख्छु ।'

अध्यक्ष थपामगरले अपांगता भएका आदिवासी जनजातिको हकहितका लागि विश्वभर नै संवैधानिक आयोग गठन हुनुपर्नेमा जोड दिनुभयो । उहाँले 'शारीरिकरूपमा अपांग भए पनि अपांगता भएका व्यक्तिहरूको बौद्धिकता र मानसिकता अब्बल हुने बताउनुभयो । अपांगता भएका व्यक्तिले 'शारीरिक असक्षमतालाई व्यवस्थापन गर्दै मानसिक तीक्ष्णतालाई अगाडि बढाएर सक्षम बन्नुपर्ने उहाँको भनाइ छ ।

# पाल्पामा डढेलोबाट वन जोगाउन अग्निरेखा



**रामचन्द्र रायमाझी / हिटा**
पाल्पा, १४ चैत

डढेलो नियन्त्रणका लागि पाल्पाका वनहरूमा अग्निरेखा बनाउने र भएका अग्निरेखा सरसफाइ गर्ने काम भइरहेको छ । गर्मी मौसम सुरु भएसँगै आगलागीका घटनाहरू बढ्दै गएपछि डिभिजन वन कार्यालयले डढेलो नियन्त्रणका लागि पूर्वसावधानी अपनाउँदै अग्निरेखा बनाउने कार्यलाई तीव्रता दिएको हो ।

वन कार्यालयले पाल्पाका १० वटै स्थानीय तहमा रहेका सब-डिभिजन वन कार्यालयअन्तर्गतका सामुदायिक वनहरूमा अग्निरेखा निर्माण र सरसफाइ भइरहेको छ । यहाँको ऐतिहासिक पर्यटकीयस्थल श्रीनगरडाँडाको जंगलमा अग्निरेखा निर्माण र पैदल मार्ग सरसफाइ गरिएको छ । कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय उपभोक्ता सहभागी भएर पैदल हिँड्ने क्षेत्र र अग्निरेखा सरसफाइ गरेका छन् ।

श्रीनगरडाँडा वन क्षेत्रमा सल्ला प्रजातिका रुख छन् । गर्मीयाम सुरु भएपछि पटक-पटक यस क्षेत्रमा डढेलो लाग्ने गर्छ । हरेक वर्ष श्रीनगरडाँडाको सल्लेरी क्षेत्रका साथै वनदेवी क्षेत्रको देउराली सामुदायिक वन क्षेत्रमा डढेलो लाग्ने समस्या छ । त्यसको न्यूनीकरणका लागि अग्निरेखा बनाउने र सुकेका पात हटाउने काम गरिएको डिभिजन वन कार्यालयले जनाएको छ ।

श्रीनगरडाँडाका साथै जिल्लाका वनदेवी, तिनाउ, रिब्दीकोट रैनादेवी छहरा, माथागढी, बगनासकाली, रामपुर, निस्दी, पूर्वखोला, रम्भालगायतका जंगलहरूमा अग्निरेखा निर्माण, सचेतना अभियान, झाडी सरसफाइलगायतका काम भएको छ । यस वर्ष पाल्पामा तीनवटा स्थानमा आगलागी भइसकेको छ । रिब्दीकोट गाउँपालिकाको वडा नं. १ र २, बगनासकाली गाउँपालिकाको दर्लमडाँडा क्षेत्रमा ठूलो डढेलो लागिसकेको छ ।

जिल्लाभित्रका वनजंगललाई डढेलोबाट जोगाउन अग्निरेखा र डढेलो व्यवस्थापनमा समुदाय परिचालन गरिएको डिभिजन प्रमुख नारायणदेव भट्टराईले बताउनुभयो । उहाँले वन डढेलो नियन्त्रण सबैको साझा जिम्मेवारी भएकाले डढेलो नियन्त्रणमा सबैले सहयोग गर्न आग्रह गर्नुभयो । प्रमुख भट्टराईले मानवीय कारणले बढी डढेलो लाग्ने गरेको बताउनुभयो । उहाँका अनुसार जिल्लामा ९६ प्रतिशत मानवीय कारणले डढेलो लाग्ने गरेको हो । डढेलो नियन्त्रणका लागि कार्यालयले व्यापकरूपमा काम गर्दै जाने उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, 'हामी डढेलो नियन्त्रण गर्ने अभियानमा छौं, यसलाई सबैको सहयोग आवश्यक छ, आमनागरिकलाई सचेतना जगाउन सके पनि यो केही हदसम्म नियन्त्रण गर्न सकिन्छ, त्यसका लागि पत्रकारहरूको सहयोग आवश्यक छ ।' उहाँले डढेलो लगाउनेलाई तत्काल वन ऐनअनुसार कारबाही गरिने समेत बताउनुभयो । भट्टराईले भन्नुभयो, 'आगो लगाउने जोकोहीलाई पनि हामी कानुनी कारबाही गर्छौं, यो वा त्यो भन्ने नाममा कसैलाई पनि छुट छैन ।' आगो लगाउनेलाई वन ऐनअनुसार ६० हजार जरिवाना र तीन वर्ष कैद हुने प्रमुख भट्टराईले बताउनुभयो ।

लामो समयदेखि पानी नपरेर सुक्खा मौसम बढेसँगै हावाहुरी चल्न सुरु भएकाले डढेलोका घटनाहरू बढ्दै गएको भन्दै त्यसतर्फ सतर्क रहन जिल्लावासीहरूलाई प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले आग्रह गर्नुभएको छ । उहाँले भन्नुभयो, 'मानिस आफैं सचेत भए डढेलोका घटनाहरू कम गर्न सकिन्छ, त्यसैले जथाभावी आगो बाल्ने नगरौं, सलाई, लाइटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं ।' डढेलो लाग्न नदिऊँ र लागिहाले क्षति हुनबाट जोगिन आमनागरिकलाई प्रमुख जिल्ला अधिकारी सुवेदीले सतर्क रहन आग्रह गर्नुभयो । उहाँले जिल्लामा हुने आगलागीका घटनाहरूबाट क्षति हुन नदिन सुरक्षाकर्मी, दमकल तयारी अवस्थामा राखिएको समेत बताउनुभयो । प्रजिअ सुवेदीले जिल्लामा तानसेन र रामपुरमा मात्र दमकल रहेकाले अन्य पालिकाहरूमा पनि सोहीअनुसारको व्यवस्था गर्न भनिसकेको बताउनुभयो ।

# चम्पादेवीको जग्गा विवाद : 'अध्यक्ष केसीको नाममा जग्गा छैन' : मालपोत

**राजकुमार कार्की / हिटा**
ओखलढुंगा, १४ चैत




चम्पादेवी गाउँपालिकाको नाममा जग्गा भएको ठाउँमा पालिका प्रमुख नवराज केसीको नाममा कुनै पनि जग्गा नभएको पाइएको छ । अध्यक्ष केसीसँग जोडिएको किता नं. ९६४ को जग्गा अहिले गाउँपालिका भएको स्थानको आसपास नभई साबिक पलापु गाउँविकास समिति वडा नं. ८ नवलपुरघाटमा जगत्प्रसाद लुईंटेलको नाममा भएको जिल्ला मालपोत कार्यालय ओखलढुंगाले पुष्टि गरेको छ ।

मालपोत कार्यालयका अनुसार ९६४ कित्ता नम्बरको जग्गा साबिक पलापु गाविस-८ निवासी डम्बरबहादुर माझीको नामबाट २०६७ साल पुस २९ गते जगत्प्रसाद लुईंटेलको नाममा पास भएको थियो । जगत्प्रसाद लुईंटेलको नामबाट मिति २०७५ साल जेठ २० गते कित्ता नं. १०४० को सात रोपनी जग्गा नवराज केसीको नाममा पास भएको थियो ।

उक्त जग्गा स्थानीय चलनचल्तीको मूल्यअनुसारको पैसा लिई नियमअनुसार नवराज केसीलाई बेचेको जगत्प्रसाद लुईंटेलले बताउनुभयो । उहाँले यो जग्गाको कारोबार नितान्त प्यक्तिगत कारोबार भएको बताउनुभयो । उक्त जग्गा नवराज केसीबाट पनि अन्य व्यक्तिको नाममा बेचबिखन भई नामसारीसमेत भइसकेको मालपोत कार्यालयले जानकारी दिएको छ ।

चम्पादेवी गाउँपालिकाको नाममा २७ रोपनी दुई आना एक पैसा तीन दाम जग्गा नि:शुल्क प्राप्त भएको छ । पालिका भवनलगायतका संरचनाहरू निर्माण गर्न स्थानीयले पालिकाको नाममा नि:शुल्क जग्गा वितरण गरेका हुन् । स्थानीयले विभिन्न मितिमा गाउँपालिकाको नाममा २४ रोपनी १० आना एक पैसा तीन दाम र ३ नं. वडा कार्यालयको नाममा दुई रोपनी आठ आना जग्गा पास रहेको जिल्ला मालपोत कार्यालय ओखलढुंगाले जनाएको छ ।

केही हठात् मनस्थिति भएका व्यक्तिहरूले गाउँपालिकाकै बदनाम हुने गरी सामाजिक सञ्जाल र अनलाइनमा गलत समाचार प्रकाशन प्रसारण गर्न लगाइएकोमा दु:ख लागेको अध्यक्ष नवराज केसीले बताउनुभयो । 'सत्यतथ्य नबुझी गलत समाचार प्रकाशन प्रसारण गर्ने सञ्चार माध्यमप्रति खेद व्यक्त गर्दछु,' उहाँले भन्नुभयो ।

# नेपाल विद्युत् प्राधिकरण लालबन्दी वितरण केन्द्रलाई ३० धुर जमिन प्राप्त

**प्रकाश मैनाली / सर्लाही ।** नेपाल विद्युत् प्राधिकरण लालबन्दी वितरण केन्द्रलाई ईश्वरपुर नगरपालिका-७ मा ३० धुर जमिन दान गरिएको छ । वितरण केन्द्रका प्रमुख त्रिभुवनकुमार यादवका अनुसार स्थानीय ईश्वरपुर नगरपालिका-७ निवासी केशव सिंहले आफ्नो ३ क १३०८ कित्ताबाट ३० धुर १५६४ कित्ता नेपाल विद्युत् प्राधिकरणलाई प्रदान गर्नुभएको हो ।

सिंहले विद्युत् विकासका लागि आफूले केही गर्नुपर्ने सोच राख्दै आएको बताउँदै, वितरण केन्द्रलाई फ्युज सेवा सञ्चालनका लागि जमिन आवश्यक रहेको जानकारी पाएपछि उक्त जमिन प्रदान गरेको बताउनुभयो । उहाँका अनुसार वर्तमान समयमा विद्युत्विहीन संसारको कल्पना कठिन भएकाले यसको विकासका लागि सहयोग गर्न पाउँदा आफू खुसी रहेको उहाँले बताउनुभयो ।

वडाध्यक्ष नाथुराम चौधरीका अनुसार उक्त ३० धुर जमिनको बजार मूल्य करिब ६० लाख रुपैयाँ रहेको छ । प्रारम्भिकरूपमा फ्युज सेवा निर्माणका लागि प्रयोग गरिने यस जमिनमा आगामी दिनमा प्राधिकरणको प्र. शाखाका रूपमा विकास गर्ने योजना रहेको लालबन्दी वितरण केन्द्रले जनाएको छ ।

केन्द्रका अनुसार ईश्वरपुर नगरपालिका क्षेत्रभित्र मात्र करिब १३ हजार ग्राहक रहेका छन् । केही समयअघि मात्र औद्योगिक लाइन विस्तारको काम सम्पन्न भइसकेको र औपचारिकरूपमा उद्घाटन गर्न बाँकी रहेको अवस्थामा वितरण केन्द्रलाई दानमा जमिन प्राप्त हुनु विद्युत् सेवा र गुणस्तर सुधारका लागि ठूलो उपलब्धि भएको उद्योग वाणिज्य संघ ईश्वरपुरका सचिव सन्तोष रायले बताउनुभयो ।

हाल यस क्षेत्रमा साना-ठूला गरी करिब ५३ उद्योग सञ्चालनमा छन् । जमिन प्राप्त भएपछि नजिकै भवन निर्माण गरी फ्युज सेवा सञ्चालन गर्दा कर्मचारीहरू निरन्तर उपस्थित भई सेवा प्रवाहमा सुधार आउने व्यवसायीहरूको अपेक्षा छ । जमिनमा भवन निर्माणका लागि औपचारिकरूपमा प्राधिकरणको माथिल्लो तहमा प्रस्ताव पठाउने तयारीमा प्राधिकरण रहेको प्रमुख यादवले जानकारी दिनुभयो ।

स्थानीय सरकार
**दुहवी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८१-१२-१५**

यस कार्यालयबाट प्रकाशित सूचना अनुसार बिभिन्न निर्माण कार्य गर्नको लागि आव्हान भएको बोलपत्रको सूचना बमोजिम प्राप्त हुन आएका बोलपत्रदाताहरुबाट निम्नानुसारको स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ दफा २७ (२) बमोजिम बोलपत्र स्वीकृत गर्न ७ दिन आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.स | विवरण | ठेक्का नं. | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम भ्याट समेत |
|---|---|---|---|---|
| १ | Construction of Hospital Staff Quarter at Duhabi Municipality ward-11 | DM/NCB/work/2081/082-25 | Degree-Prachabi J/V, Inaruwa-2, Sunsari | रु. १,३९,३७,४३७.७३ |

प्रमुख प्रशासकीय अधिकृत

**उत्तरगया गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८१/१२/१५**

प्रस्तुत विषयमा यस उत्तरगया गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपशिलको कार्यका लागि मिति २०८१/१०/२८ गतेको राष्ट्रियस्तरको पत्रिकामा विद्युतिय बोलपत्र आह्वानको सूचना प्रकाशन भए अनुसार यस कार्यालयमा रितपुर्वक पेश भएका विद्युतिय बोलपत्रबाट तपशिल बमोजिमको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशिन गरिएको छ ।

तपशिल

| सि. नं. | ठेक्का नम्बर | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|---|
| १. | URM/NCB/WORKS/2081-082/6 | जमरीखोला काभ्रेखोला बनुवा खानेपानी आयोजना | बुलुन कन्स्ट्रक्सन प्रा. लि., उत्तरगया-४, रसुवा | रु. ३६,५७,०५६.६० |

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**
**बबरमहल, काठमाडौं**

**विद्युतीय बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**( प्रकाशित मिति :- २०८१/१२/१५)**

यस विभागबाट मिति २०८१।१०।२३ गतेको प्रकाशित सूचना अनुसार आ.ब ०८१/०८२ को लागि विद्युतिय बोलपत्र मार्फत तपसिलमा उल्लेखित सामानको आपूर्ति सम्बन्धमा यस विभागमा पेश हुँन आएका विद्युतिय बोलपत्रहरु माथि कारवाही हुँदा तपसिलको बोलपत्रदाताले कबोल गरेको रकम (मू.अ.कर वाहेक) न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना विभागको वेभसाइट ठेगाना : www.dftqc.gov.np मा समेत हेर्न सकिने छ ।

**DFTQC/NCB-03/2081-082 (Food safety rapid response vehicle, Double Cab Pickup)**

| सि.नं | बोलपत्रदाताको नाम, ठेगाना | कबोल गरेको रकम मू.अ.क. वाहेक | कबोल गरेको रकम अक्षरमा | कै. |
|---|---|---|---|---|
| १. | अग्नी इन्कर्पोरेटेड प्रा. लि., गैह्रिधारा, काठमाण्डौं | २,२४,११,५०४.४० | दुई करोड चौविस लाख एघार हजार पाँचसय चार रुपैसा पैसा चालिस मात्र | |

CMYK